आज मिति २०७४ साल चैत्र ७ गते बुधवारका दिन व्यास नगरपालिकाको बैठक नगर प्रमुख श्री वैकुण्ठ न्यौपानेज्यूको अध्यक्षतामा बस्यो । बैठकको उपस्थिति र निर्णयहरु निम्नानुसार रहेको छ ।

<u>उपस्थिति</u>

| | | |
|---|---|---|
| - नगर प्रमुख | श्री वैकुण्ठ न्यौपाने | उपस्थित |
| - नगर उपप्रमुख | श्री मिरा जोशी | ,, |
| - वडाध्यक्ष वडा नं.१ | श्री खरसिं दरै | ,, |
| - वडाध्यक्ष वडा नं.२ | श्री काशीराम श्रेष्ठ | ,, |
| - वडाध्यक्ष वडा नं.३ | श्री प्रेमकुमार श्रेष्ठ | ,, |
| - वडाध्यक्ष वडा नं.४ | श्री विश्वराज न्यौपाने | ,, |
| - वडाध्यक्ष वडा नं.५ | श्री मोहनकुमार श्रेष्ठ | ,, |
| - वडाध्यक्ष वडा नं.६ | श्री सूर्यभक्त भण्डारी | ,, |
| - वडाध्यक्ष वडा नं.७ | श्री सतिशचन्द्र न्यौपाने | ,, |
| - वडाध्यक्ष वडा नं.८ | श्री ओजराज पौडेल | ,, |
| - वडाध्यक्ष वडा नं.९ | श्री सुरेश थापा | ,, |
| - वडाध्यक्ष वडा नं.१० | श्री तुलसीराम सापकोटा | ,, |
| - वडाध्यक्ष वडा नं.११ | श्री निरबहादुर खड्का | ,, |
| - वडाध्यक्ष वडा नं.१२ | श्री तोत्रबहादुर कुंवर | ,, |
| - वडाध्यक्ष वडा नं.१३ | श्री लेखबहादुर राना | ,, |
| - वडाध्यक्ष वडा नं.१४ | श्री काजीमान श्रेष्ठ | अनुपस्थित |
| - कार्यकारीणी सदस्य | श्री तमबहादुर दरै | उपस्थित |
| - कार्यकारीणी सदस्य | श्री कल्पना पोखेल | ,, |
| - कार्यकारीणी सदस्य | श्री अमृतबहादुर नेपाली | ,, |
| - कार्यकारीणी सदस्य | श्री चन्द्रमाया परियार | ,, |
| - कार्यकारीणी सदस्य | श्री मधुमाया घर्ती | ,, |
| - कार्यकारीणी सदस्य | श्री सुनसरी गुरुङ | ,, |
| - कार्यकारीणी सदस्य | श्री नरीमाया राना | ,, |
| - सदस्य सचिव | श्री हरिप्रसाद बास्तोला | ,, |
| - वरिष्ठ अधिकृत | श्री कुमारकन्चन जि.री | ,, |
| - लेखा अधिकृत | श्री मेघनाथ आचार्य | ,, |
| - इन्जिनियर | श्री रविन्द्रलाल मुल | ,, |
| - कम्प्युटर अधिकृत | श्री गोकर्णराज वाग्ले | ,, |
| **<u>विशेष उपस्थिति</u>** | | |
| - का.वा. अध्यक्ष | श्री मोहनकुमार थापा | उपस्थित |

<u>निर्णयहरु</u>

**<u>निर्णय नं.१</u>:** क्यान्सर, किड्नी, मुटु र स्पाइनलकड भै प्यारालाइसिस जस्ता असाध्यै रोग लागेका बिरामीहरुलाई बिरामीको अवस्था हेरी बढीमा रु.१५,०००। पन्ध्र हजार रुपैयांसम्म आर्थिक सहायता दिने निर्णय गरियो ।

**<u>निर्णय नं.२</u>:** नगरस्तरीय एकिकृत तथ्यांक संकलन २०७५ बैशाख महिनाभित्र गरी सक्ने निर्णय गरियो । यसका लागि जनसंख्या/भौगोलिक स्थितिलाई आधार बनाई कार्यविधि निर्माण र फाराम (Formet) तयार गरी अर्को बैठकमा पेश गर्ने निर्णय समेत गरियो ।

**<u>निर्णय नं.३</u>:** आगामी आर्थिक वर्ष २०७५/०७६ का लागि योजना छनौट/तर्जुमा प्रक्रिया सम्बन्धी कार्य २०७५ साल बैशाख महिनासम्म वडा कार्यालयबाट गर्ने र २०७५ साल जेठ १५ भित्र न.पा. कार्यालयमा पठाउन वडा कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

**<u>निर्णय नं.४</u>:** व्यास नगरपालिका क्षेत्रभित्र खेतीयोग्य जग्गा सिमित रहेको, ती जग्गाहरुमा दिन प्रतिदिन प्लटिङ्ग गर्ने कार्य तिब्र रुपमा बढ्दै गएको स्थितिमा अब उप्रान्त त्यस्ता खेतीयोग्य जग्गामा (वस्ती विकास) प्लटीङ्ग गर्ने कार्यलाई स्वीकृति नदिने निर्णय गरियो ।

**<u>निर्णय नं.५</u>:** यस नगरपालिकाको नियमित बोर्ड बैठक प्रत्येक महिनाको ७ गते हुने गरेकोमा अबदेखि प्रत्येक महिनाको ७ गते र २२ गते दुई पटक दिनको १.०० बजे नियमित रुपमा बैठक बस्ने निर्णय गरियो ।

**निर्णय नं.६:** यस व्यास नगरपालिका नगर कार्यपालिकाको प्रवक्तामा व्यास नगरपालिका वडा नं ५ का वडाध्यक्ष श्री मोहनकुमार श्रेष्ठलाई तोक्ने निर्णय गरियो ।

**निर्णय नं.७:** यस न.पा.का निम्न वडा कार्यालयहरुमा कार्यालय सहयोगीहरुको व्यवस्था गर्न नसकिएकाले अर्को व्यवस्था नभएसम्म वा पदपूर्ति नभएसम्मका लागी कार्यालय सरसफाई र व्यवस्थापनका लागि थप रु. ५०००। पाँच हजार रुपैयां दिने निर्णय गरियो ।

वडा नं १, वडा नं ९, वडा नं १०, वडा नं १३

**निर्णय नं.८:** यस व्यास नगरपालिका वडा नं.२, ३ र ४ नं. वडाहरुमा मेट्रिक ठेगाना प्रणाली अद्यावधिक गरी घर नम्बर पाता र सडकको नाम पाता टाँस गर्ने कार्य गर्न इच्छुक परामर्श दाताहरुबाट आशयपत्र माग गरिएको थियो । आशयपत्र पेश गर्ने परामर्शदाताहरुसँग प्राविधिक र आर्थिक प्रस्ताव माग गरिएको थियो । प्राविधिक प्रस्तावको मूल्यांकनमा सफल हुने परामर्शदाताहरुको आर्थिक प्रस्तावको मूल्यांकनबाट उत्कृष्ठ ठहरिएको श्री अटोकार्टो कन्सल्टेन्ट प्रा.लि. पुल्चोक ललितपुरले ९२.८० अंक प्राप्त गरेको अंकका आधारमा कवोल गरेको अंक (मु.अ.क.समेत) रु.२४,८८,५९९। वरावरको प्रस्ताव मूल्यांकन समितिबाट सिफारिस भई आएकाले स्वीकृत गरी कार्य अगाडि बढाउने निर्णय गरियो ।

**निर्णय नं.९:** यस व्यास नगरपालिका वडा नं ११ को वडा कार्यालय भवन (तला थप) निर्माण गर्नका लागि १५ दिने सूचना प्रकाशित गरी सिलबन्दी दरभाउपत्र माग गरिएकोमा प्राप्त हुन आएका दरभाउपत्रहरु मध्ये गणेश कन्ट्रक्सन व्यास ३ ले कवोल गरेको रु.१२,८५,६४४। (मु.अ.क. बाहेक) १.०४ घटी कवोल गरेकाले मूल्यांकन समितिको सिफारिस अनुसार स्वीकृत गरी कार्य अगाडि बढाउने निर्णय गरियो ।

**निर्णय नं.१०:** क्यामिनकोट मा.वि.का प्र.अ. श्री तिर्थ बर्देवाको राजीनामा स्वीकृत भएको र अर्को व्यवस्था नहुँदासम्म उक्त विद्यालयमा कार्यरत शिक्षक श्री कृष्णहरी वाग्लेको प्र.अ. नियुक्ती गर्न सिफारिस समेत आएकाले अनुमोदन गर्ने निर्णय गरिन्छ ।

**निर्णय नं.११:** (घ) वर्गका निर्माण व्यवसायीहरुको नयाँ इजाजत पत्र, नवीकरण र प्रतिलिपि दिने सम्बन्धी कार्यविधि २०७४ स्वीकृति गरी कार्य अगाडि बढाउने निर्णय गरियो ।

**निर्णय नं.१२:** व्यास नगरपालिका अन्तर्गत एक वारुणयन्त्र रहेको र वारुणयन्त्र विपद व्यवस्थापनमा अत्यन्त आवश्यकीय भएको र तनहुँ जिल्ला भरमानै यस नगरपालिका अन्तर्गत मात्र रहेकाले उक्त वारुणयन्त्रको समस्या जिल्ला भरमानै हून सक्ने भएको हुँदा र नेपाली सेनाबाट दैवी प्रकोप एवं विपद व्यवस्थापन कार्यहरुमा उल्लेखनीय सहयोग रहदै आएकोले व्यास नगरपालिका अन्तर्गतको वारुणयन्त्र श्री कृष्ण दल गणमा राखी आवश्यक व्यवस्थापनमा सहयोग पुर्याई दिनका लागि श्री कृष्ण दल गणलाई अनुरोध गर्ने निर्णय गरियो ।